**Bharatpur Pragya : Journal of Multidisciplinary Studies**
ISSN : 2990-773X (Print); ISSN : 2990-7748 (Online)
Published by Bharatpur Academy, Chitwan, Nepal
https://www.bharatpurmun.gov.np

# टुवरा उपन्यासमा सीमान्तीयता

**एकनारायण पौड्याल, विद्यावारिधि**
*नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस (त्रिवि), चितवन*

***Article History :*** *Submitted : 18th Nov. 2024; Reviewed : 14th Jan. 2025; Revised : 10th Feb. 2025.*
***Corresponding Author :*** *Eknarayan Paudyal* ***E-mail :*** *enpaudyal@gmail.com*
***DOI :*** *https://doi.org/10.3126/bpjms.v3i01.76242*

**सारसङ्क्षेप**

*प्रस्तुत लेखमा मनोज थारूद्वारा लिखित टुवरा उपन्यासको सीमान्तीय समालोचनाका आधारमा अध्ययन गरिएको छ । सीमान्तीय समालोचना भन्नाले देशको मूलधारदेखि बाहिर रहेका विभिन्न जाति, वर्ग, वर्ण, क्षेत्र आदिको आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक आदि पक्ष अध्ययन गर्ने समालोचनाको सिद्धान्त भन्ने बुझिन्छ । प्रस्तुत उपन्यासमा थारूजातिसँग सम्बन्धित विभिन्न किसिमका समस्याको चित्रण गरिएको छ । त्यसैले यो अध्ययन थारूजाति के कस्ता कारणले कुन कुन क्षेत्रमा पछि परेको छ भन्ने मुख्य समस्या र यसको समाधान खोज्नमा केन्द्रित छ । यसमा टुवरा उपन्यास प्राथमिक सामग्रीका रूपमा रहेको छ भने सीमान्तीय समालोचनाका बारेमा उल्लेख गरिएका पुस्तक, जर्नल आदि द्वितीयक सामग्रीका रूपमा रहेका छन् । गुणात्मक प्रकृतिको यस अध्ययनमा व्याख्यात्मक तथा विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ । पुस्तकबाट सूचकसँग सम्बन्धित अंश उद्धरण प्रस्तुत गरी अध्ययनलाई प्रामाणिक र विश्वसनीय बनाइएको छ । यस अध्ययनबाट मुख्यतः थारूहरूलाई जातीय र वर्गीय दृष्टिले किनारामा पारिएको र यस कार्यमा उच्चवर्गका गैरथारूजातिको विभेदकारी चिन्तन र व्यवहार मुख्य कारक रहेको निष्कर्ष प्राप्त भएको जनाइएको छ । उपन्यासले आंशिक रूपमा किनाराकृत निम्नवर्गका जनजातिको सामाजिक र आर्थिक अवस्थाको पनि चित्रण गरेको छ । यसकारण उपन्यास सीमान्तीय चेतनाका साथै शैलीशिल्पका दृष्टिले पनि सफल र प्रभावकारी रहेको छ ।*

**शब्दकुञ्जी**: अन्तर्विषयक, सङ्कथन, सबाल्टर्न, सीमान्तकृत, सीमान्तीयता ।

## विषयपरिचय

मनोज थारू (२०३९) सीमान्तीयतालाई आधार बनाएर लेख्ने स्रष्टा हुन् । उनी नेपाली साहित्यमा आख्यानकारका रूपमा परिचित छन् । साहित्यिक यात्रा कविताबाट सुरु गरेका भए पनि मनोजको लेखनले आख्यानमा प्रसिद्धि पाएको छ । कृतिप्रकाशनका दृष्टिले हेर्दा उनी मुख्यतः उपन्यासकारका रूपमा देखिएका छन् । उनका कविता र कथा-लघुकथा फुटकर रूपमा प्रकाशित छन् । पुस्तकाकार कृतिका रूपमा *टुकी* (२०७५) र *टुवरा* (२०७९) गरी दुईवटा उपन्यास प्रकाशनमा आएका पाइन्छन् । प्रकाशित रचनाले उनलाई मूलतः उपन्यासकारका रूपमा चिनाएका छन् । प्रस्तुत उपन्यासहरूमा लेखकले थारूजातिको पहिचान र उनीहरूका विविधखाले समस्यालाई विषयवस्तु बनाएका छन् । उनका उपन्यासमा जातीय पहिचानको स्वर पाइन्छ भने स्थानीय रङ पनि पाइन्छ । उनका उपन्यास खासगरी थारूसंस्कृति र सीमान्तीय चेतनाका दृष्टिले महत्त्वपूर्ण रहेका छन् । थारूसंस्कृतिको परिचय दिने क्रममा उनीहरूको भाषा, नेपाली भाषा बोल्दा अपनाइने थारूभाषामिश्रित लवज, खानपान, पूजाआजा, कृषि तथा घरव्यवहारमा प्रयोग गरिने सामान आदि उल्लेख गरिएको पाइन्छ भने सीमान्तीयतावादी चेतनाअन्तर्गत प्रभुत्वशाली जाति र वर्गद्वारा थारूहरूलाई कस्ता किसिमबाट सीमान्तकृत बनाइएको छ भन्ने कुरा देखाइएको

*Copyright 2025© the Author(s)*

पाइन्छ। उनका उपन्यासको परिवेश चितवन रहेको सङ्केत पाइन्छ। यहाँ प्रशस्त मात्रामा थारूबाहुल्य क्षेत्र रहेका र थारू तथा चेपाङजातिका कतिपय मानिस गैँडासिकारका आरोपमा सजायँ भोग्न बाध्य भएका कारण उपन्यासको विषयवस्तु, भाषा र संस्कृतिसमेतलाई हेर्दा उनका आख्यानमा चितवन परिवेश बनेर आएको देखिन्छ। उनका उपन्यासमा थारूजाति इमान्दार भए पनि उनीहरूलाई थारूइतर जातिबाट बिनाकसुर कुनै न कुनै किसिमको आरोप लगाई दुःख दिने प्रवृत्तिको चित्रण पाइन्छ। लेखक चितवनवासी भएका कारण उनले आफ्नो वरपरको समाजले दैनिक देखेभोगेका विषयलाई उपन्यासमा उतारेको पाइन्छ। थारूसंस्कृतिका दृष्टिले *टुकी* उल्लेखनीय रहेको छ भने सीमान्तीय चेतनाका दृष्टिले *टुवरा* उपन्यास महत्त्वपूर्ण रहेको छ। यसमा सीमान्तकृत समुदायका विविधखाले समस्यालाई विषयका रूपमा ग्रहण गरिएको छ। यसमा कतै समस्याको समाधानका लागि थारूजातिले गरेको प्रयास देखाइएको छ भने कतै विनाकारण हेपाइ र दलनमा परेका सो समुदायद्वारा आक्रोश पनि व्यक्त गरिएको छ। यसरी उपन्यास सीमान्तीय चेतनाका दृष्टिले महत्त्वपूर्ण रहेको छ तापनि यसलाई नै आधार बनाएर यसअघि गहन रूपमा अध्ययन नगरिएका कारण सोही शोधरिक्तता पूरा गर्नका लागि प्रस्तुत विषयशीर्षक चयन गरिएको हो।

**अध्ययनविधि**

प्रस्तुत अध्ययनमा पुस्तकालयलाई आधार बनाई प्राथमिक एवम् द्वितीयक सामग्री सङ्कलन गरिएको छ। यस अध्ययनमा प्राथमिक सामग्रीका रूपमा *टुवरा* उपन्यास रहेको छ भने द्वितीयक सामग्रीका रूपमा सीमान्तीयता वा सीमान्तीय समालोचनासँग सम्बन्धित सामग्री रहेका छन्। गुणात्मक प्रकृतिको यस अध्ययनमा व्याख्यात्मक एवं विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ। सोद्देश्य नमुनाछनोट पद्धतिका आधारमा उपन्यासका खासखास अंश उद्धरण गरी सूचकलाई आधार बनाएर तिनको व्याख्या गरिएको छ। यसरी अध्ययनलाई विश्वसनीय बनाई प्रस्तुत गरिएको छ।

**विश्लेषणको सैद्धान्तिक प्रारूप**

प्रस्तुत अध्ययनमा सीमान्तीय समालोचनालाई आधार बनाएर उपन्यासको विश्लेषण गरिएको छ। सीमान्तीय समालोचना भन्नाले समाजमा पछि परेका वा पछि पारिएका क्षेत्र, जाति, वर्ग आदिको अध्ययन गर्ने सिद्धान्त भन्ने बुझिन्छ। यस समालोचनालाई अङ्ग्रेजीमा सबाल्टर्न क्रिटिसिज्म भनिन्छ। यस सिद्धान्तले परम्परित सङ्कथनप्रति असहमति जनाउँदै इतिहासको पुनर्लेखन गर्नुपर्ने मान्यता राख्दछ। यो अभियान दक्षिण एसियाली इतिहासको पुनर्लेखन गर्ने उद्देश्यका साथ रञ्जित गुहाको नेतृत्वमा भारतबाट सन् १९८२ मा सुरु भएको हो (श्रेष्ठ, २०६८ : २-६)। सम्भ्रान्त वर्गद्वारा लिखित इतिहासलाई टुप्पाबाट लेखिएको ठान्ने अपश्चिमेली समाजबाट आरम्भ भएको यस अध्ययनको क्षेत्र बहुसांस्कृतिक बन्दै गएको छ र अन्य मुलुकहरूमा पनि फैलिएको छ (श्रेष्ठ, २०६८ : ६)। जातीय पहिचानको राजनीतिक मुद्दासँग पनि सम्बन्धित भएकाले यो अन्तर्विषयक समालोचनामान्यता हो।

सबाल्टर्न शब्द इटालीका अन्टोनियो ग्राम्सीबाट लिइएको हो (सुवेदी, २०६८ : XIX) र यसले जातजाति, वर्ग, लिङ्ग, पेसा आदि दृष्टिले दमित वर्गलाई जनाउनाका साथै शक्तिशाली पक्षबाट दमित अवस्थामा बाँच्न बाध्य पारिएका आम मानिस र राष्ट्रको अधीनस्थताको अवस्थालाई पनि जनाउँछ (श्रेष्ठ, २०६८ : १४)। दमनको अवस्था देशभित्रका प्रभुत्वशाली वर्ग वा शक्तिबाट पनि सिर्जना हुन सक्दछ र विदेशी उपनिवेशवादी वा साम्राज्यवादी शक्तिबाट पनि सिर्जना हुन्छ। सबाल्टर्न शब्दले मध्यकालमा मजदुर वा साना किसानलाई बुझाउँथ्यो। त्यसपछि यसले सिपाहीको तल्लो तहलाई बुझाउन थाल्यो र वर्तमान समयसम्म यसले सामाजिक, आर्थिक, राजनीतिक, भौगोलिक आदि दृष्टिले तल परेका वा पारिएका समूहलाई जनाउन थालेको छ (श्रेष्ठ, २०६८ : १५-१६)। एडवर्ड सइद, गायत्री चक्रवर्ती स्पिभाक आदिको संलग्नतापछि यसले व्यापकता पाइसकेको छ। यो उत्तरसंरचनावादी, उत्तर उपनिवेशवादी आन्दोलनका नजिक रहेकाले उत्तरआधुनिकतावादी प्रवृत्तिको अध्ययनका रूपमा

चिनिन्छ। यसको सम्बन्ध समाजशास्त्र, राजनीतिशास्त्र, मानवशास्त्र आदिका साथै साहित्यसँग पनि छ। साहित्यले दमितका आवाजलाई प्रभावकारी रूपमा प्रस्तुत गर्ने हुँदा यो साहित्यको पनि विषय बनेको छ। यस सिद्धान्तका आधारमा सिर्जनात्मक कृतिको अध्ययन गर्दा कृतिकारमा प्रभुत्वशाली वर्गको प्रभाव परेको छ कि छैन, कृति दमित वा किनारीकृतले लेखेको हो वा होइन, साहित्य पनि इतिहास जस्तै पक्षपाती छ कि छैन, कृतिका पात्र स्वतन्त्र रूपमा बोल्न सकेका छन् कि छैनन् आदि कुराको खोज गरिन्छ (पौड्याल, २०७०, पृ. १४०)। सीमान्तकृतका रचनाको खोजी गर्नु र तिनमा सीमान्तीय चेतना प्रतिबिम्बित छ छैन भनी अध्ययन गर्नु, जातीय तथा रङ्गभेदको अभिव्यक्तिको विवेचना गर्नु, दलितचेतना र छुवाछुतका सन्दर्भको खोजी गर्नु (गौत, २०६७ : ३९३) जस्ता कार्य पनि यसका कार्यभित्र समेटिन्छन्। यसको जनजातीय सिद्धान्तसँग निकट सम्बन्ध रहेको देखिन्छ। यसले परम्परावादी सामान्य इतिहासलेखनभन्दा पनि नयाँ विशिष्ट इतिहासलेखनमा जोड दिने (केवरत, २०७७, पृ. ७६) हुँदा यसको नवइतिहासवादसँग पनि निकट सम्बन्ध रहेको पाइन्छ।

सीमान्तीय अध्ययनसम्बन्धी अनेक धारणा पाइन्छन्। तिनीहरूमध्ये सीमान्तकृत समूहको आवाज सीमान्तकृत समूले मात्र बोल्न सक्दछन् वा उनीहरू आफैँले बोल्नुपर्दछ भन्ने र सीमान्तकृत समूह आफैँ बोल्न नसक्ने हुँदा समाजका सचेतवर्गले बोलिदिनुपर्दछ भन्ने दुईथरी मत मुख्य छन्। यिनमध्ये मिसेल फुको पहिला मतका पक्षमा देखिन्छन् भने गायत्री चक्रवर्ती स्पिभाक दोस्रा मतका पक्षमा देखिन्छिन् (उप्रेती, २०६८, पृ.२८२-२८५)। राज्यको मूलधारदेखि पछि परेका महिला, दलित, निम्नवर्गका व्यक्ति, दुर्गम क्षेत्रमा बस्ने मानिस आदि सीमान्तकृत समुदायकै व्यक्तिले आवाज उठाए पनि वा समाजका कुनै पनि गैरसबाल्टर्न व्यक्तिले आवाज उठाए पनि यदि इमान्दार भएर आवाज उठाइएको छ भने त्यो सीमान्तकृत समुदायका पक्षमा हुन्छ। साहित्यमा पनि सो आवाज सीमान्तकृत समुदायकै व्यक्ति वा वास्तविक सीमान्तकृत व्यक्तिले लेखे पनि अथवा गैरसीमान्तकृत व्यक्तिले लेखे पनि यदि किनाराकृत समुदायका पक्षमा लेखिएको छ भने त्यो साहित्य सीमान्तीय चेतनायुक्त हुन्छ र त्यस्ता कृतिको विश्लेषण सीमान्तीय समालोचनाले गर्दछ। यसले भूगोल, धर्म, जाति, लिङ्ग, वर्ग आदि आधारमा सीमान्तकृत समुदायको प्रतिनिधित्व कसरी भएको छ भन्ने आधारमा कृतिको अध्ययन गर्दछ (श्रेष्ठ, २०७६, पृ.६२)। यसले माथिल्लो वर्गका मानिसले भुइँमानिससँग कस्तो व्यवहार गरेरका छन् भन्ने कुराको अध्ययन गर्दछ। समाजशास्त्रले मानिसका आर्थिक, वर्गीय, शैक्षिक आदि पक्षको अध्ययन गर्दा समाजमा नै गएर गर्दछ भने यस समालोचनाले कृतिभित्र चित्रित समाजको अध्ययन गर्दछ।

**विमर्श र परिणाम**

मनोज थारूद्वारा लिखित *टुवरा* उपन्यासमा थारूजातिको सामाजिक, आर्थिक, शैक्षिक आदि अवस्था कमजोर रहेको देखाइएको छ। यसमा थारूहरूलाई सबै क्षेत्रमा पहुँच भएका र टाठाबाठा व्यक्तिद्वारा हेपिएका जातिका रूपमा चिनाइएको छ। किनारामा पारिएका समग्र थारूहरूको प्रतिनिधित्व टुवरा, केल्हिया, पतिया काका आदि पात्रहरूले गरेका छन्। टुवरा यस उपन्यासको मुख्य पात्र हो। सानैमा आमाबा बितेका कारण उसलाई टुवरा अर्थात् टुहुरो भनिएको छ। उसको खास नाम थाहा नभए पनि घुस खुवाएर बनाइएको नागरिकतामा बिफला थारू लेखिएको छ। गरिबीका कारण भोकभोकै बस्ने अवस्था आएका कारण उसलाई भुखला पनि भनिएको छ। केल्हिया र पतिया काका पनि हरुवा-चरुवाका रूपमा मालिकका घरमा बस्दै आएका कामदार हुन्। पहाडीमूलको माइला (गोला तामाङ) पनि खनजोत आदि काम गर्न राखिएको कामदार हो। उपन्यासमा मुख्यतः यिनै पात्रका माध्यमले थारूहरूको वर्गीय र जातीय समस्या देखाइएको छ। चितवनमा थारूजाति धेरै अघिदेखि बस्दै आएका र उपन्यासमा प्रत्यक्ष रूपमा उल्लेख नगरिए पनि चितवनका थारूलाई विषय बनाई लेखिएको भाव बुझिएकाले यो चितवनिया थारूको कथाव्यथा हो। यसमा चितवन जिल्लाको थारूसमुदायसँग जोडिएका सीमान्तकृत जीवनकथाहरू कतै पात्र र कतै प्रवृत्तिका रूपमा आएका छन् (गिरी, २०७९, चैत १५ गते)। उपन्यासका बिच बिचमा

खेम्रामान्छे, हसुली गाउँ, छुटेको जिनगी आदि २३ वटा शीर्षक रहेका छन् र यिनै शीर्षकभित्र आदिवासी थारूका बस्तीमा विभिन्न क्षेत्रबाट गैरथारूहरूको प्रवेश भएको, थारूजमिन्दार रैतीमा परिणत हुँदै गएका, घरमालिक र सरकारी निकायका कर्मचारीहरूको व्यवहारका कारण निम्नवर्गका थारूहरू कष्टपूर्ण जीवन बिताउन बाध्य भएका इत्यादि अवस्थाको चित्रण गरिएको छ (जमरकटेल, २०८०, जेठ ३ गते) । सीमान्तकृत थारूहरूका यिनै विविधखाले समस्याहरूमध्ये यहाँ जातीय सीमान्तीयता र वर्गीय सीमान्तीयतालाई सूचक बनाई उपन्यासको विश्लेषण गरिएको छ।

**जातीय सीमान्तीयता**

विश्लेषणीय उपन्यास *टुवरा*मा सीमान्तकृत थारूजातिका मानिसले भोग्न परेका विभिन्न घटनासन्दर्भ प्रस्तुत गरिएको छ। उपन्यासको थालनी नै खेम्रामान्छेका रूपमा टुवराले कारागारमा भोगेको यातनाबाट भएको छ। ऊ अर्काका घरमा काम गर्ने निम्नवर्गको व्यक्ति हो । उसले कुनै गल्ती गरेको छैन तापनि भुइँमान्छे ठानिएका कारण उसको आवाजको कतै पनि सुनुवाइ भएको छैन । सरोकारवाला कर्मचारीले उसको भाषा बुझ्दैनन् र गलत अर्थ लगाएर यातना दिन्छन् । उपन्यासको विषयवस्तुअनुसार टुवरा केही समयदेखि कारागारमा यातनापूर्ण जीवन बिताइरहेको छ। कारागारमा नयाँ हाकिम (जेलर) आएको छ र उसलाई कारागारमा धेरै समयअघिदेखि ड्युटी गर्दै आएको कन्सटेबलले बिफला थारू अर्थात् टुवराले प्रयोग गर्ने भाषाका सम्बन्धमा यसो भन्दछ : “यो थारूको लबज बुझ्न मलाई छ मइँनाभन्दा बेसी लाओ। .... यसखाले लवज सुन्न बानी नपरेकालाई उसको भनाइ बुझ्न गाह्रो छ साप्” (पृ.६) । यसरी कर्मचारीले थारूलवज नबुझेका कारण पनि टुवराले दुःख खेपिरहेको छ। उपन्यासमा टुवराले पाएको यातनालाई यसरी चित्रण गरिएको छ :

> ऊ चोटैचोटको खतले खेम्रामान्छेझैँ देखिएको थियो। उसको टाउकाभरि ठाउँठाउँमा टाँका मारिएको थियो। अनुहार, छाती, पेट, पिठ्युँभरि घाउका भग्नावशेष देखेर एकपल जेलरको सास थामियो । खेम्रामान्छेको हविगत परैबाट हेरेर चित्त बुझेको थिएन जेलरलाई, झनै नजिकबाट चियाउन खोजे। खेम्रामान्छेको एउटा खुट्टा सुकेर कामबाट अवकाश पाउने जङ्घारमा थियो। ऊ कि बसिरहन सक्थ्यो कि सुतिरहन। ऊ बसिरहने र सुतिरहने समयभन्दा बेसी कि भगवान् पुकार्थ्यो, कि मान्ठा। उसको पुकार सुन्नेवाला कोही थिएनन्। (पृ.६)

टुवराले कुनै किसिमको गल्ती नगर्दा पनि यसरी कष्टपूर्ण जीवन बिताइरहेको छ । एकतर्फ उसको भाषिक लबज नबुझेर कर्मचारीले दुर्व्यवहार गरेका छन् भने अर्कातिर उसलाई कुनै प्रमाणविना नै कारागारमा राखिएको छ। पक्रिएको व्यक्ति थारूजातिको भएका कारण कर्मचारीहरू उसको कसुर छ कि छैन भन्ने कुराको छानबिन गर्नेतिर नलागी दोषी नै हो भन्ने मानसिकताले निर्देशित छन् । छानबिन गर्ने ठाउँमा थारूलबज बुझ्ने र सबैको भलो चिताउने विवेकी व्यक्ति नभएका कारण उसले दुःख खेपिरहेको छ।

टुवरा, माइला र पतिया काका अनि उनीहरूको मालिक मिलेर एक साँझ मचानमा खानपिनको कार्यक्रम गर्दछन् । उनीहरूले मात लाग्ने गरेर रक्सी पिउँछन् । मालिक घर जाने क्रममा बाटामै मर्दछ। यस खबरले उसका हरुवाचरुवा सबै दुखी हुन्छन् किनभने मालिक सहयोगी र उदार थियो। भोलिपल्ट प्रहरी आएर उनीहरूलाई पिट्दै सदरमुकाम लैजान्छ र सत्र दिनपछि छोडिदिन्छ। सत्र दिनपछि छुटेर आउँदा उनीहरू कस्ता देखिएका थिए भन्ने कुराको चित्रण यसरी गरिएको छ :

> टुवराको पैतला फुटेको थियो । पिडौँला र तिघ्राभरि लाठीका सुम्लाहरू निला देखिएका थिए । कट्टुको पिछाड धुजाझैँ भएको थियो । कमिजको पिठ्युँतिर दुईतीन ठाउँमा च्यातिएर लामा चिरा परेका थिए । तिनै चिराका साँधबाट टुवराको पिठ्युँ आधाउधी देखिएको थियो । पिठ्युँमा लाठीका सुम्ला डोरा परेका देखिएका थिए । ती निलडामभित्र घाउ पाकेको हुँदो हो ! पतिया काका र माइलाको हालत पनि त्यस्तै टिठलाग्दो थियो । सदरमुकाम रामपुरका सिपाहीहरूले उनीहरूलाई लाठी, लातघुँसाको मसिनमा जाकेर पन्छाएका थिए । चोटैचोटले कोरेका

सुम्लाले टुवराहरू खेम्नामान्छेझैँ देखिएका थिए। (पृ.८५)

विषयवस्तुअनुसार मालिकको मृत्यु गैँडाले हानेर वा हिलामा चिप्लिएर वा अन्य कुनै कारणले भएको हुन सक्ने अनुमान गरिएको छ। उसको मृत्यु हुनमा दुवरा, माइला र पतिया काकाको संलग्नता रहेको देखिँदैन। मालिकको मृत्युको खबर सुनेपछि पतिया काका अत्यन्त भावविह्वल भएको छ भने दुवराले उसको मृत्युको कुनै कल्पना नै गरेको छैन। मालिक र टुवराहरूको सम्बन्ध राम्रो थियो। यसैले गाउँलेले पनि उनीहरूमाथि शङ्का गरेका छैनन् तर प्रहरीले उनीहरूलाई नै दोषी बनाएको छ र यसरी चरम यातना दिएको छ। यसरी नै टुवराहरूले सामान्य किसिमका हतियार लिएको देखेर र उनीहरूको भाषा नबुझेर उल्टो अर्थ लगाई वनका सुरक्षाकर्मीले यातना दिएका सन्दर्भलाई यस किसिमबाट प्रस्तुत गरिएको छ :

नाम के हो भन् ?

मैले टुवरा हो हजुर।

थारू, किन भागेको होस् ?

उँ हामीले गैँडा मार्न आएथ्यो।

ए त्यो त हेरेरै थाहा पाइयो। भाला, गुलेली पनि रच नि त साथमा। तिमोरु गैँडा मार्नै आ'का त हौ, हाम्लाई पनि था'छ। आज फेला पऱ्यौ।

हइनो हुजुर, हामीले गैँडा मार्न आएर भागेको।

हामीलाई देखेपछि त भाग्ने भइस् नि !

हुजुर उँ बात हइनो। हामीले गैँडा यलिकितिले मारेन। ओही भएर भागेको, टुवराको बोलीमा कम्पन थियो।

ए यो ठाउँमा बर्सेनिजसो किन गैँडा मर्छन् भनेको त कारण यो पो रच त ! .... ए अझै धन्नै गैँडा मारेन भन्छस् ?

हँ। यै भालाले हो गैँडा मार्ने ? पाखुराको गुदेली तान्दै उसले फेरि भन्यो- 'कि यै गुदेलीले हो ?' 'हइनो हुजुर, इयोले जाल बुन्छुँ। इयोले सुगा भगाउँछुँ', लाठी र गुदेलीतर्फ हेर्दै भनेको थियो टुवराले। 'भालाले कैँ जाल बुन्छ। मामा सम्झेछस् हाम्लाई।' टुवराले बर्दीधारीको कुरा बुझेन। टुवराले पनि आफ्नो कुरा बुझाउन सकेन। (पृ.१०२-१०३)

यसरी जङ्गलकिनारमा भाला र गुलेली लिएको देखेर बर्दीधारीले थारू र तामाङजातिका टुवरा, माइला र केल्हियालाई केरकार गर्नाका साथै पिटपाट गर्दछन्। मालिकको खेत जङ्गलका निकटमा भएका कारण टुवराले सुगा तथा जङ्गली जनावरलाई तर्साउनका लागि गुलेली लिएर हिँड्ने गर्दछ भने भाला माछा मार्ने जाल बुन्नका लागि सँगै लिएर हिँड्दछ। यसलाई वनरक्षकले वन्यजन्तु मार्नका लागि लिएको भन्ने ठानेर यातना दिन्छन्। भन्न त टुवराले कुन प्रयोजनका लागि लिएको हो भनेर आफ्नो कुरो बताउँछ तर उनीहरूले उसको भाषा बुझ्दैनन्। भाषा नबुझ्ने मात्र होइन, गलत बुझ्दछन् र यसबाट टुवराहरू दोषी देखिन पुग्दछन्। टुवराले आफू निर्दोष भएको कुरा यसरी बताउँछ- 'उँ हामीले गैँडा मार्न आएथ्यो।' उसले 'अँ हामीलाई गैँडाले मार्न आएको थियो' भन्न खोजेको हो तर उसको भाषिक लबज बर्दीधारीले नबुझेका कारण उसलाई दोषी देखाइयो। हामीलाई हुनुपर्ने ठाउँमा हामीले भएका कारण उल्टो अर्थ लाग्यो। यसरी जातीय लबज कर्मचारीले नबुझेका कारण टुवराले पिटाइ खायो। अर्कातिर टुवराको भनाइको अर्थ यस्तो हो भनेर बुझाउन खोज्दा माइलाले पनि कुटाइ खायो। टुवरासँगै केल्हियालाई पनि उनीहरूले यसरी यातना दिएका थिए :

'साला थारू ! सरकारी मान्छेमाथि हात हाल्छस् ! ल खा, ला, मर्, थारू, घोँगी ... ।' एकदुई बुट र बट माइलाले पनि भेटेको थियो। रिस मरेपछि टुवराहरूलाई कुल्चँदै उनीहरू केल्हियातर्फ बढे। बेजान केल्हियामाथि एउटा सरकारी नरभक्षी घोप्टिरहेको थियो। गिद्धले सिनो लुछेझैँ एकतमासले लुछिरहेको थियो। केहीबेरमै उसको पौरुषता स्खलन भयो, ऊ उठ्यो। उत्तानो परिरहेकी केल्हियालाई उसले बुटले खितल्यो, 'यो मरेकी हो कि क्या हो ! हँ केटाओ ?' .... अबला केल्हियामाथि घोप्टिएर मर्द बनेको नामर्दले पसिना काढेर कम्ब्याट पाइन्ट मास्तिर सुर्क्याउँदै भन्यो, 'ए

केटाओ ! अबेला भैसक्यो, यिनोरुलाई बौराहा खोलामा सल्टाइद्याओ । भोलि हाम्लाई समस्या आइनलागोस् । याँ क्यै त्यस्तो सङ्केत छुट्नुहुन्न नि । केस घटनास्थलबाटै डिसमिस गर् । कुरा खलास् ।' (पृ.१०६-१०७)

थारूजाति राज्यभित्र मूलधारमा नरहेका र सोझो जाति भएका कारण हेपिएका छन् भन्ने कुरा यस उद्धरणले सङ्केत गरेको छ । यहाँ थारूजातिका टुवरा र केल्हियाले मात्र होइन तामाङजातिको माइलाले पनि बिनाकारण यातना भोगेको छ । ऊ पनि एकतर्फ गरिब छ भने अर्कातर्फ शिक्षा, राजनीति, प्रशासन आदि क्षेत्रमा पछि परेको जाति हो । यसैले ऊ सरकारी बर्दीधारीद्वारा अपहेलित भएको छ । कसैले गल्ती गरिहाले पनि कानुनअनुसार सजाय पाउनुपर्दछ तर यहाँ दोष प्रमाणित नभए पनि यातना दिइएको छ । केल्हियामाथि बलात्कार गरिएको छ । टुवरालाई साला थारू र घोँगी भनी गाली गरिएको छ । सामाजिक मर्यादा, जातीय अस्तित्व र सांस्कृतिक महत्त्वका दृष्टिले यस्ता शब्द प्रयोग गरिनु आपत्तिजनक मानिन्छ । यसरी उपन्यासमा सरकारपक्षका मानिसले गाली गर्ने, पिट्ने, बलात्कार गर्ने र खोलामा फालेर जीवनसमेत समाप्त गर्नेसम्मको अत्याचार गरेको देखाइएको छ । सरकारी पक्षले कतिसम्म ज्यादति गर्दछ भन्ने कुराको यो एउटा दृष्टान्त हो ।

समाजमा धनीमानी र मूलधारमा रहेका मानिने कतिपय जातिले मूलधारबाहिर रहेका जातिमाथि अन्याय गरेको पाइन्छ । यस उपन्यासमा पनि त्यस किसिमको घटना चित्रण गरिएको छ । उपन्यासका अनुसार पहाडिया बाजेबज्यैले टुवरालाई थारू र गरिब भनेर यस्तो व्यवहार गरेका छन् :

'तँ थाह पाएछ कि महिला !' टुवरा रोकिएन । 'जनावरको कटाइ (टोकाइ) भन्दा मन्सेको कटाइमा ज्यादा बिख हुन्छ । तेस्तै बाजेबजेई, हामीले (ले=लाई) बात-बातमा काटिरहेथियो । ऊहरू कहन्थियो-'तँ जाँठा थारू, घुँईले के लछारपाटो लाउँचस् र ! सउचस् भने किनेर देखा न यो जग्गा । अर्काको जग्गालाई आफ्नोझैँ गर्दोरच, झेक्ने भोकमरी थारू । तँ यो जग्गा छोडेर गएकै दिनमा म खनखन्ती पैसा गनेर किनिदिन्छु बुझिस् ?'.... 'हइनो बाजे म के भनेँछु रे ? तपैँको भैँसी, बाख्राहरू मेरो मकाई खाइदिएछ । न खुवाइदिनु हमारो मकाई । बाँधेर राख्नु न भैँसी भनेछुँ । अनि खालि मेरो मकाईबारीमा हगिदिनु । उता बगरमा हगने ठाम छँदैछ । खालि मेरो मकाईको बारीभित्रा पाइखाना बनाइदिन्छ । म घाँस काट्दै गर्दा घाँससँग गुह सोहरिएर आउँछ, हाथपाउभरि गुह लतपतिन्छ । साह्रै घिन लाउँछ । यही बात मत्रे त कहेछुँ ।' (पृ.१६४)

यसरी टुवराले साथी माइलालाई आफूले विगतमा दुःख पाएको कुरा सुनाउँछ । यस क्रममा उसले जनावरको टोकाइभन्दा पनि मानिसको टोकसो बढी पिडादायी हुने कुरा राख्दै यो अनुभव बाजेबज्यैका व्यवहारबाट प्राप्त भएको जनाउँछ । पहाडीमूलका बाजेबज्यै टुवराले खेत कमाइ गर्ने ठाउँका छिमेकी हुन् । उसले बगरखेतलाई अत्यन्त उर्वर बनाएका कारण ती बाजेबज्यैलाई सो खेत आफ्नो बनाउन पाए हुन्थ्यो भन्ने लागेको छ । यसैले उनीहरू दैनिक रूपमा टुवरालाई कुनै न कुनै किसिमले दुःख दिइरहन्छन् । कहिले थारू र घोँगी भनी गाली गर्दछन् भने कहिले अर्काको जग्गा कमाएर ठुलो हुन्छस् भनी हेय दृष्टिले बोल्दछन् अनि कहिले उसका अन्नबालीमा पशुचौपाया छोडिदिने र घाँसखेतमा दिसा गरिदिन्छन् । उनीहरूका अगाडि टुवराहरू निरीह छन् भन्ने कुरा यस भनाइबाट स्पष्ट हुन्छ :

बाजे कड्किएर हकारिरहेथियो । 'घुईँका बान थारू । तिम्हरू यै झार र धुलोमाटो जस्तै त हो नि ! झार उखेलेर मिल्काइन्छ, माटो कुल्चेर पाखा लाइन्छ । बुझिस् ?' म ऊको मुखमा केही फर्काउन सकेन । तलमाथि, अघिपछि सब्बैतिरबाट ऊहरू बोल्न जानेछ । ऊहरूको बोली सब्बे ठाममा बिक्छ । हमारो बोली बिग्छ (फालिन्छ) । हामीलाई ऊहरू झार, धुलोमाटो जस्तै बनाएछ । हामीजस्तो मन्सेको ऊहरू जता मन लाग्यो फेक्छ, टेक्छ । त्यसैले हमारो बोली नबिक्ने भएपछि हामी बोलेन । बस् तेस्तै झार र धुलोमाटो भएर आफ्नो काम गरिरहेथियो । (पृ. १८१)

यसरी सधिँयारसँग टुवराको सधैँ झगडा परिरहन्थ्यो । झगडाको निहुँ तिनै पहाडिया बाजेबज्यैले खोज्दथे । टुवराहरू आफ्नो बोली कतै पनि नबिक्ने भएपछि बोलेर काम छैन भनी उनीहरूले भनेजस्तै गरी झारपातझैँ भई सहेर बस्दै आएका थिए ।

उपन्यासको यस सन्दर्भले गैरथारूबाट थारूहरू शोषण र अपहेलनामा बाँच्न बाध्य छन् भन्ने कुरा बुझाएको छ। उनीहरूको सोझोपनको फाइदा मूलधारमा रहेका कथित माथिल्ला जातिले लिइरहेका छन् भन्ने कुरा पनि माथिको उद्धरणांशबाट थाहा लाग्दछ। यसरी नै कार्यालयमा जाँदा अपमानित र अपहेलित हुनुपर्ने सन्दर्भलाई पनि मार्मिक रूपमा यसरी प्रस्तुत गरिएको छः

> अँ हँ, सदरमुकाम पुगेपछि हामी सिधै मालमा गयो। जागा नउँसरी गर्न भनेर घरमुखिया एक लिखनदासको लालपुरजा र नगरिकता दियो। ऊ लालपुरजा र नगरिताअनुसार कागज बनायो। तेही कागज लिएर हामी हाकिमको टेबुलमा गयो। ऊ सब्बे कागज वागज देखेपछि केल्हियाको नाउँ पुछ्यो, 'के नाम हो ?' 'हुँ हुजुर केल्हिया', म बताइदियो। 'मैले तिम्रो नाम सोधेको हो ?' हाकिम झोकायो। 'ऊ बोल्न नसक्छ। लाटो छ हजुर।' 'अ पूरा नाम भन्', मन नलागिनलागी भनेथियो हाकिम। 'केल्हिया थारू', कान कनियाउँदै म भनिदियो। हाकिमले चोर हेरेझैँ हामीले (ले=लाई) हेरेथियो बारबार। अनि नगरिता औल्याउँदै कहेथियो, 'ह्याँ त कलिया थरूनी छ त! नागरिकताको फोटो हेर्दा र मान्छे हेर्दा पनि धेरै फरक देखिन्छ। काम हुँदैन' भनेर फाइल फेकिदियो। .... हामी झोपडीमा आएर सब्बै भेडा चिङनीहरू (कुखुराहरू) बेच्यो। जगेडा राखेको धान पनि बेचेर पैसा बनायो। सब्बै मिलाएर एकमुष्ट दामणी लिखनदासको हाथमा दियो र तेसपछि मात्रे हाकिम हमारो कागजमा सहीछाप लगायो। (पृ.१७३-१७४)

यस कथनको सन्दर्भ केल्हियाका नाममा जग्गा पास गर्ने सन्दर्भसँग सम्बन्धित छ। जग्गा पास गर्नका लागि घरमुखियाले सबै कागत एक जना लेखनदासलाई दियो र उसले तयार पारेका कागतपत्र लिएर हाकिमकहाँ पुगेपछि हाकिमले केल्हियाको नाम सोध्यो। यसको उत्तर केल्हियाले नदिई टुवराले दियो। हाकिम रिसाएको थियो तापनि टुवराले केल्हिया लाटी भएको जानकारी दियो। त्यसपछि हाकिमले उसको पूरा नाम बताउन भन्यो। टुवराले उसको नाम केल्हिया थारू भएको जानकारी दियो। त्यसपछि हाकिमले नागरिकतामा कलिया थरूनी भएकाले नाम नमिलेको र मान्छे र फोटो पनि फरक फरक रहेको भन्दै काम हुन नसक्ने जानकारी दियो तर लेखनदासले पैसा (घुस) दिए काम हुन्छ भन्ने जानकारी गराएपछि टुवराले कुखुरा, अन्न आदि बिक्री गरेर पैसा दियो र हाकिमले कागतमा सहीछाप गरिदियो। यसरी कर्मचारीले गल्ती गर्ने र उल्टै सेवाग्राहीलाई दुःख दिने अनि घुस खान पाएमा जस्तोसुकै काम पनि गर्ने कर्मचारीहरूको मनोवृत्ति र व्यवहारको चित्रण गरिएको छ। प्रस्तुत साक्ष्यहरूबाट थारूहरू कर्मचारी र गैरथारूहरूबाट किनारामा पारिएका छन् भन्ने कुराको जानकारी मिल्दछ।

## वर्गीय सीमान्तीयता

प्रस्तुत उपन्यासमा जातीय सीमान्तीयताका साथै वर्गीय सीमान्तीयतालाई पनि प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ। उपन्यासमा प्रसङ्गवश उच्चवर्गका थारूहरूको चर्चा गरिएको छ तथापि मुख्य विषयवस्तु निम्नवर्गीय थारूसमाजको चित्रण गर्नमा केन्द्रित छ। कथावस्तुअनुसार पहिलाका जमिनदार थारूहरू चलाख पहाडियाका जालमा परेर बिस्तारै गरिब हुँदै गइरहेका छन् भने गरिबहरू सबै कुरामा ठगिएर झन् गरिब हुँदै गएका छन्। माइलाको निम्नलिखित भनाइबाट यस कुराको पुष्टि हुन्छ :

> पापी पेट पाल्नैपर्‍यो। काम खोज्दै हिर्डें। त्यहाँका जिम्दार लोकइ थारूले काममा राखे। बुढा दयालु थिए। तिनका दाजुभाइलाई त्यहाँका पहाडियाले हात लिएका थिए। मसँगै हरुवा गर्ने एकजना चलाख पहाडिया साथी बन्यो। उसैको सङ्गतले मेरो बोलीचाली, लवाइखवाइ सब फेरियो। जिम्दार खलकलाई त्यहाँ वरपरका पहाडियाहरू मिलेर धुतिरहेका थिए। के गर्नु ती जिम्दारका दाजुभाइले हाम्रा कुरा सुन्थेनन्। समय बितेसँगै ती जिम्दारले हाम्लाई काम गरेबापतको जौराधान (काम गरेबापत दिइने धान) दिन नसक्ने भए। हामी दुवै काम खोज्दै पल्लो गाउँ पुग्यौँ। त्यहाँका मुखिया भूपति नारायण थिए। त्यहाँका सबै थारूहरूले भूमिनन्द भूपति नारायाणलाई 'लराएन बाजे' भनेर

सम्बोधन गर्थे । मेरो पहाडिया साथीले चिल्लो घसेर भूमिनन्द बाजेको पाउ मल्यो । काम पाइयो । ती जमिनदार बाजे फेरि बडो शोषक थिए । त्यहाँका थारूहरूलाई वर्ष दिन काममा जोताएर जौराधान दिने बेलामा आनाकानी गर्थे । कसैबाट त उल्टै पाउनुपर्ने हिसाब देखाइदिन्थे । (पृ.१२१)

थारूहरू तराईका रैथानेजाति मानिन्छन् । विकासको क्रमसँगै थारूबस्तीमा पहाडबाट आउने विभिन्न जातिका मानिसहरूको सङ्ख्या बढ्दै गयो । तिनीहरूमध्ये कतिपयले त्यहाँका जमिनदार आदिवासीको जग्गा कम मूल्यमा वा विभिन्न बहानामा आफ्नो बनाए । अन्ततः कतिपय थारूपरिवार तिनै जग्गा खरिद गर्ने पहाडियाका कामदार बन्न बाध्य भए । समाजको यस वास्तविकतालाई उपर्युल्लिखित उद्धरणमा चित्रण गरिएको छ । यहाँ निम्नवर्गका थारूको मात्र चित्रण नगरी अन्य जातिका मानिसको पनि गरिबी अवस्थाको चित्रण गरिएको छ । माथिको उद्धरणको आख्याता माइला नामको पात्र यसखाले मानिसको प्रतिनिधि हो । भूमिनन्द भूपति नारायण थारूहरूलाई काममा लगाएर उचित ज्याला पनि नदिने र विभिन्न बहानामा थारूहरूको शोषण गर्ने प्रतिनिधि पात्र हो । अर्का एक प्रसङ्गमा मालिकहरू गरिब वा नोकर-चाकरलाई कुन रूपमा हेर्दछन् भन्ने कुरा यसरी बताइएको छ :

मालिकले ती भुइँमान्छेहरूसँग पलेँटीमा बसेर खान हुँदैनथ्यो । उनीहरूलाई त्यहाँ रमिता हेर्नु थियो कि भुइँमान्छेले भुइँमा बसेर कसरी खाँदा रहेछन् । रमाइलोसँग अन्वेषण गर्नु थियो । खानै नपाएकाहरूले कप्ल्याककुप्लुक गाईभैँसीले घाँस खाएझैँ खाएको हेर्ने रहर थियो । पलेँटीमा बसेकाहरू त्यसैगरी खाइरहेका थिए । (पृ.३२)

मालिकको खेती लगाइसकिएकाले मैझारोको आयोजना गरिएको थियो । भोजका लागि खाद्य र पेय पदार्थको व्यवस्था गरिएको थिइयो । त्यहाँ अन्य मानिसका साथै पतिया काका, टुवरा, माइला आदि व्यक्तिको उपस्थिति थियो । मालिकको र पतिया काकाको घर जोडिएको थियो र खानपानको कार्यक्रम पतिया काकाकहाँ थियो । करेसो जोडिएको भए पनि मालिकको उच्चवर्गीय चिन्तनले सँगै बसेर खान मानेन । यसकारण मालिक सबै दृश्य घरबाट हेरिरहेको छ । ऊ अरूलाई खाओ भनी आदेश दिन्छ तर सबैसँग सँगै बसेर खान सक्दैन । उसले आफ्नो घरखेतको सबै काम गरिदिने टुवराहरूलाई भुइँमान्छे ठानेको छ । उपन्यासमा वर्गीयतालाई जनाउने अन्य सन्दर्भ पनि आएका छन् । विगतदेखि वर्तमानसम्मका घटना सम्झने क्रममा माइलाले यसरी आफ्नो वर्गीय पपरिचय आफैँ दिएको छ :

उसले सोच्यो- 'टुवरा र मेरो बालकहानी उस्तै रहेछ । उस्तै दुखियारी रहेछौँ हामी ।' उसले आफ्नो दिमागमा गजमजिएको यादलाई खोतल्यो । धूमिल छवि उसका आँखामा सलबलाए । सम्झ्यो उसले, उसको घरसहित सबै परिवार पहिरोले पुरेको । गाउँलेले उद्धार गर्दा ऊ मात्रै सग्लो भेटिएको । त्यसपछि आफूजस्तै बालकै बालक भएको घरमा उसलाई लगिएको । त्यहाँबाट आफू लामो बाटो पहिल्याउँदै भागेको । घरघरमा माग्दै हिँडेको । सडकका गल्लीहरूमा सुतेको । तिनै गल्लीले एउटा चिया पसलसम्म लघारेको । त्यही पसलमा कामदार भई भाँडा माझेको । तिनै चिया पसलेको खेतमा हलो जोत्न सिकेको । तिनैले बोल्ने शब्द 'मान्ठा'ले औधी प्रभावित बनाएको । त्यही शब्दलाई आफ्नो लबजमा मिसाएर बोल्दाबोल्दै गाउँघर डुलेको, निमेक गर्न सिकेको । त्यही डुलाइले हसुली गाउँसम्म पुऱ्याएको । अनि माइलाले टुवरासँग मित्रता गाँसेको दिन सम्झ्यो र झनै घनिभूत टोलायो । मोद पनि उस्तै लागेको थियो । (पृ.७२-७३)

उपन्यासमा टुवरामात्र होइन, माइला पनि सीमन्तकृत पात्र हो । ऊ तामाङजातिको टुहुरो पात्र हो । यसैले ऊ पनि टुवरा हो । ऊ कहिले गल्लीमा सुतेको छ र कहिले चिया पसलमा भाँडा माझेको छ । उसले सानैदेखि हलो जोत्न पनि सिकेको छ । पछि टुवरा र माइला दुवैजना उही मालिकका घरमा कामदारका रूपमा बस्दछन् र दुवैको जीवन उस्तै किसिमले बित्दछ । टुवरा तराईमा बस्ने सर्वहारा हो भने माइला पहाडबाट तराईमदेस झरेको गरिब हो । यहाँ दुवै पात्र उच्चवर्गका व्यक्तिबाट तिरस्कृत भएका छन् । माइलाले भन्दा बढी दुःख टुवराले पाएको छ किनभने उसले केल्हिया र छोराको पनि पालनपोषण

गर्नुपर्दछ। एकातिर उसले गैंडा मार्न खोजेको आरोपमा यातना भोगको छ भने अर्कातिर मुखियाले बस्दै आएको जग्गा खाली गर्न भनेको छ। मुखियाको दयाहीन भनाइ र टुवराको आर्थिक अवस्था यस्तो छ :

> घाम र पानीको मारले छानो आधाउधी गलेको थियो। ठाउँ ठाउँमा परालको तान्द्रोले टालटुल पारिएको थियो। त्यही फुस्रे कटेरो अगाडि उभिएर नाकको पोर्रा फुलाउँदै ऊ गर्ज्यो- 'ए भुखला ! तेरीमा भोकमरी थारू ! बाइर निस्की। काँ लुकेर बसेछस् ?' भित्रबाट त्यही फुस्रेघरभैँ टालटुल गरेको हारापाटे कट्टु पहिरेको भुखला नाङ्गो आङ लिएर ओसरा (दैला/पिँढी) मा देखापऱ्यो। .... 'तँलाई राम्रो मुखले कति भन्नु, मेरो जग्गा खाली गर् भनेर हँ! त्यत्रो वर्ष बस्न दिएकै थिएँ चुपचाप। तँ आफैले मसँग जोरी खोजिस्। अब मलाई मतलब छैन। घर सार। अझै पनि राम्रो मुखले भन्दै छु। अब फेरि पनि आउन्न म। एक हप्ताभित्र जग्गा खाली गर्। सरसामान भएदेखि जोगा। यो अन्तिम चेतावनी हो। एक हप्ताभित्र जग्गा खाली गरेनस् भने डोजर लिएर केटाहरू आउँछन्। .... सुनिस् भुखला ? तैँले मेरो बालाई खेतखलियानमा धेरै सघाएको छस्। त्यसैले मौका दिएको हुँ तँलाई। अनि तेरो छोरोलाई धेरै जान्ने हुन नभन्। एउटै छोरो गायब होला नि फेरि ! तेरो चिताको आगो हराउला। (पृ.१०७-१०८)

यस उद्धरणमा बताइएअनुसार टुवराको घर नाममात्रको छ। खाना र नानाका अभावमा उसको शरीर टिठलाग्दो छ। जीवन कसरी निर्बाह गर्ने भन्ने कुराको चिन्ता परिरहेका अवस्थामा मुखिया आएर आफ्नो जग्गाबाट घर उठाउन भन्दछ। जमिनको मालिक मुखियाले 'तेरीमा भोकमरी थारू' भन्दै टुवरालाई हेय शब्दद्वारा सम्बोधन गर्दछ। उसले एक हप्ताभित्र जग्गा खाली गर्न भन्दछ र खाली नगरेमा डोजरले भत्काइदिने चेतावनी दिन्छ। यसका साथै भनेको नमानेमा छोरालाई गायब पार्न सकिनेसमेत धम्की दिन्छ। यसरी मालिकको छोरो मुखियाले टुवराप्रति सामन्ती व्यवहार देखाएको छ। टुवराले खेतबारीको काममा आफ्ना बालाई धेरै सघाएको कुरा मुखियालाई थाहा छ तापनि उसले टुवराप्रति सहानुभूति देखाउँदैन। यस्तो व्यवहार देखाउनुका पछाडि उसको सामन्तवादी सोच मुख्य कारकका रूपमा रहेको देखिन्छ। उसमा उच्चवर्गीय अहं रहेको बुझिन्छ। श्रमशोषणमा परेका गरिब थारूहरूको अवस्था दयनीय छ भन्ने कुरा मोधरिया नामको पात्रले टुवरासँग गरेको यस कुराले अझ स्पष्ट पारेको छ :

> 'हमार जनी यस्तै छ। जति कोहाउँछ उति मुहाउँछ (माया दिन्छ)। के गर्ने त मुसाफिर ! हामी गरिब मन्से, साहुको जागा कमाइदिन्छौँ, ऊ झन् धनी भइजान्छ। खलिहानमा हामी अनाज-वनाज भरिदिन्छौँ। ऊ थोरमोर हामीको दिएर बाँकी सब्बै आफू लैजान्छ। जेनेतेने हामी पाँच-छउ महिनामात्रे हाथमुह जोर्न पाउँछ, बाँकी महिनाभरि भुखै भइजान्छ। बरु हाम्रो गोरु बरसदिन मजासे पोराल खान पाउँछ। हामी बनहेरा (ज्यालादार/कामदार) मन्से पनि गोरु भएर काम करेको बुझ्दैन साहु।' (पृ.१२५-१२६)

मोधरियाको रक्सी पिइरहने खराब आदत छ। ऊ घरपरिवारप्रति गैरजिम्मेवार देखिन्छ तर उसले गरेका कुरा वर्तमान समाजको वास्तविकतासँग मेलखाने किसिमका छन्। सर्वहारा व्यक्तिका लागि जहाँ बस्यो, त्यहीँ घर हुन्छ। उनीहरू जहाँ काम पाइन्छ त्यहीँ जान्छन्। उनीहरू साधनजस्तै हुन्। उनीहरूले काम दिने व्यक्तिकहाँ तनमन दिएर काम गर्दछन् तर श्रमको उचित मूल्य पाउँदैनन्। त्यसबाट आउने फाइदा पनि सबै मालिकले लिन्छन्। कामदारलाई सीमित ज्याला दिन्छन् र त्यसले उनीहरूलाई छ महिना पनि खान पुग्दैन। अरू महिना उनीहरू धेरै दुःखका साथ बिताउँछन्। बरु गोरुले वर्षदिनभरि मजाले पराल खान पाउँछ किन्तु गोरुले जस्तै काम गरेका कामदार भोकभोकै हुन्छन्। यसैले उनीहरूको जिन्दगी गोरुको भन्दा पनि दुःखपूर्ण छ।

टुवरा विपन्न थारूजातिको मानिस हो। ऊ काम र मामको खोजीमा लाग्दा एकजना थारूजमिनदारकहाँ पुग्दछ र खोलाछेउको खेत कमाएर घरव्यवहार राम्रोसँग चलाउन थाल्दछ। त्यस सुनसान ठाउँमा घरमुखियासँग अलिकति जग्गा किनेर पहाडिया बाजेको परिवार त्यहाँ बस्न आइपुग्दछ। टुवरा छिमेकी पाएकामा खुसी हुन्छ। झारफुक गर्ने त्यस बाजेले टुवराको

छोरो बिरामी हुँदा पनि फुकफाक गरेर पठाउँछ । बाहिर देख्दा बाजे सहयोगी जस्तो देखिए पनि ऊ कुटिल छ । टुवराका परिश्रमले राम्रो बनेको घरमुखियाको खेत आफ्नो बनाउनका लागि उसले षड्यन्त्र रच्न थाल्दछ । यस क्रममा उसले टुवरासँग यसो भन्दछ :

> एकाबिहानै बाजे यङनामा आएर बलाइहाल्यो । म बलजलफ्ती उठेर आँखा मिस्दै (मिच्दै) बाहिरिएथियो । दौरासुरुवालमाथि इस्टकोट भिरेर टाउकोमा पहाडिया टोपी पहिरेको बाजे म अगाडि ठिङ उभिएथियो । म ऊको बैठाउन मचिया दियो । ऊ बस्दै कहेथियो- 'चाइन्जो सुन् भुखला । मलाई पैल्यै भन्न मन लाथ्यो तँलाई । याँ बस्न तिम्हरको लागि ठिक छैन । यो जमिनले धान त मनग्गे दिन्च तर ज्यान लिन्च । तिम्हरु यैँ बसिराख्यौ भने तिम्हरको थारूभूतले बाँकी राख्दैन । थारूभूत लाओ भने मान्छे बाँच्दैन नि फेरि ! मैले आफ्नो अन्तरचक्षुले सबै देखेर भन्यो हुम् । ज्यान ठुलो कि धान ठुलो भन् त ? .... चाइन्जो तँलाई क्यै था छैन ? रातिराति तेरो घरपछाडि खेतमुनि बगरमा मसान रुन्च । जो नजिकै सर्दै आइराच । तेरो भुप्रोभित्र पसेपछि उल्ले ज्यान लिन्छ । अनि खालास् धान !' (पृ.१५९-१६०)

यस कथनबाट थारूबस्तीका बिचमा बसेका गैरथारूले मानसिक रूपमा कमजोर बनाएर र षड्यन्त्र गरी थारूहरूको शोषण गरेका छन् भन्ने भाव बुझिन्छ । बाजे तिनै फटाहा व्यक्तिको प्रतिनिधि हो भने टुवरा शोषित-पीडित थारूहरूको प्रतिनिधि हो । यहाँ टुवराले लगाएको बाली देख्न नसकेर बाजेद्वारा यस्तो षड्यन्त्र रचिएको छ । यस कुराबाट नेपाली समाज अझ पनि अन्धविश्वासमा आधारित छ भन्ने बुझिन्छ । यसरी प्रस्तुत उपन्यासमा जातीय र वर्गीय दृष्टिले मुख्यतः थारू र अंशतः तामाङजातिलाई किनारामा पारिएको देखाइएको छ । राजनीतिक, सामाजिक, प्रशासनिक, कानुनी, शैक्षिक आदि विषयक्षेत्रका केन्द्रमा गैरथारू रहेकाले थारूहरू सबै क्षेत्रमा अपहेलित भएका छन् र पछि परेका छन् भन्ने कुरा देखाइएको यस उपन्यासमा अब किनारामा पारिएका जाति सचेत भएर अगाडि बढ्नुपर्दछ भन्ने भाव पाइन्छ । अतः उपन्यास सीमान्तीय चेतनाका दृष्टिले उल्लेखनीय रहेको छ ।

**निष्कर्ष**

मनोज थारू नेपाली साहित्यमा आख्यानकारका रूपमा परिचित छन् । उनका कविता र कथा-लघुकथा फुटकर रूपमा प्रकाशित छन् भने पुस्तकाकार कृतिका रूपमा *टुकी* (२०७५) र *टुवरा* (२०७९) गरी दुईवटा उपन्यास प्रकाशित छन् । प्रस्तुत उपन्यासले मनोजलाई आञ्चलिकता र सीमान्तीयतालाई महत्त्व दिएर लेख्ने आख्यानकारका रूपमा चिनाएका छन् । दुवै उपन्यास थारूजातिसँग सम्बन्धित भए पनि *टुकी* बढी मात्रामा संस्कृतिसँग सम्बन्धित छ भने *टुवरा* निम्नवर्गका थारूहरूको जीवनपद्धतिसँग सम्बन्धित छ । *टुवरा*मा थारूजातिको संस्कृतिका विविध पक्षमा जानकारी दिइएको छ साथै उनीहरूलाई सीमान्त पारिएका विविध सन्दर्भ पनि उल्लेख गरिएको छ । उपन्यासमा सबै थारूहरू निम्नवर्गका छैनन् तापनि थारूबस्तीमा  गैरथारूहरूको बसाइँ भएका कारण क्रमशः जमिनदार थारूसमेत भूमिहीन बन्दै गइरहेका छन् भन्ने देखाइएको छ । यस उपन्यासको मुख्य पात्र टुवरासँगै केल्हिया, पतिया काका आदि पात्रले सीमान्तकृत थारूहरूको प्रतिनिधित्व गरेका छन् । उपन्यासको उद्देश्य निम्नवर्गका थारूजातिको दिनचर्या देखाउनु रहेको भए पनि माइला पात्रका माध्यमले निम्नवर्गका तामाङजातिको अवस्था पनि चित्रण गरिएको छ । किनाराकृत वा राज्यको मूलधारदेखि बाहिर रहेका थारूहरू मालिकका घरमा हरुवाचरुवाका रूपमा काम गर्दै आइरहेका र उनीहरू आर्थिक, सामाजिक आदि दृष्टिले माथि उठ्नका लागि पहाडीमूलका मानिस र खासगरी सामन्ती व्यक्ति बाधक बनेको देखाइएको छ । निष्कर्षतः उपन्यासमा सीमान्तकृत थारूजातिको विगत पाँचछ दशकयताको अवस्थालाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ र सीमान्तीयताका दृष्टिले *टुवरा* नेपाली उपन्यासलेखनका परम्परामा एउटा महत्त्वपूर्ण कृतिका रूपमा रहेको छ ।

**सन्दर्भसूची**

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* काठमाडौँ : अक्षर क्रियसन्स नेपाल ।

केवरत, चतुर्भुज लालदास (२०७७), 'जमुवावालीको मट्टीगीत' कवितामा सीमान्तीयता, *प्रज्ञा,* अङ्क २, पूर्णाङ्क १२०, पृ. ६५-७५ ।

गिरी, खगेन्द्र (२०७९ चैत १५ गते), 'टुवरा'को टुहुरो सपना, *साहित्यपोस्ट,* (अनलाइन पत्रिका) ।

गौतम, लक्ष्मणप्रसाद (२०६७), उत्तरआधुनिक समालोचनामा कृति विश्लेषणका पद्धति र प्रारूप, *भृकुटी,* अङ्क १०, पृ.३८५-३९७ ।

जकरकटेल, सूर्यप्रकाश (२०८० जेठ ३ गते), आख्यानकार नै 'टुवरा'का मुख्यपात्र, *साहित्यपोस्ट,* (अनलाइन पत्रिका) ।

थारू, मनोज (२०७९), *टुवरा,* काठमाडौँ : शिखा बुक्स ।

पौड्याल, एकनारायण (२०७०), *समालोचनाको स्वरूप र पद्धति,* चितवन : विमर्श नेपाल ।

श्रेष्ठ, चन्द्रमान (२०७६), उर्गेनको घोडा उपन्यासमा सीमान्तीयता, *प्रज्ञा,* वर्ष २, पूर्णाङ्क ११८, पृ.५९-६८ ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा र सबाल्टर्न,* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

सुवेदी, अभि (२०६८), सबाल्टर्न, इतिहास र बोली, भूमिका, *शक्ति, स्रष्टा र सबाल्टर्न,* लेखक, तारालाल श्रेष्ठ, काठमाडौँ : डिस्कोर्स पब्लिकेसन, पृ. xvii–xxiv ।